तथ्यगत विवरण १

# अन्मिन

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन



# नेपालको शान्ति प्रक्रियामा सहयोग पुऱ्याउँदै

## अन्मिन के हो ?

अन्मिन राष्ट्रसंघ सुरक्षा परिषद्को निर्णय १७४० बमोजिम नेपालको शान्ति प्रक्रियालाई र विशेषगरी स्वतन्त्र र निष्पक्ष वातावरणमा संविधानसभा चुनाव गराउने काममा सहयोग पुऱ्याउनको लागि स्थापना गरिएको एक विशेष राजनीतिक मिसन हो ।

सातदल गठबन्धनको सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले राष्ट्रसंघका महासचिवलाई २४ साउन २०६३ (९ अगस्ट २००६) मा पठाएका पत्रहरूमार्फत् राष्ट्रसंघलाई संविधानसभा चुनावको लागि स्वतन्त्र र निष्पक्ष वातावरण बनाउन र समग्र शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन गरिएको अनुरोधपश्चात् अन्मिनको स्थापना गरिएको हो । दलहरूले ५ मंसिर २०६३ (२१ नोभेम्बर २००६) मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपश्चात् अन्मिनले ९ माघ २०६३ (२३ जनवरी २००७) देखि औपचारिक रूपमा आफ्नो काम शुरू गरेको हो ।

अन्मिनको स्थापना हुनुअगावै भदौ २०६३ (अगस्ट २००६) देखि संयुक्त राष्ट्रसंघका महासचिवका निजी प्रतिनिधिको कार्यालयमार्फत् राष्ट्रसंघले शान्ति प्रक्रियाको लागि दलहरूलाई सहयोग पुऱ्याउँदै आइरहेको थियो । केही वर्षदेखि राष्ट्रसंघका महासचिवले राष्ट्रसंघको राजनीतिक मामिला विभागमार्फत् नेपालमा द्वन्द्वको शान्तिपूर्ण समाधान गर्ने प्रयासलाई नजीकबाट प्रोत्साहन दिँदै आइरहनुभएको थियो ।

इयान मार्टिन नेपालका लागि राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि एवं अन्मिनका प्रमुख हुनुहुन्छ ।

## अन्मिनका कार्यालयहरू कहाँ-कहाँ छन् ?

अन्मिनको मुख्यालय काठमाडौंस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा छ । पाँचै विकास क्षेत्रका सदरमुकाममा अन्मिनका क्षेत्रीय कार्यालयहरू छन् :

| | |
|---|---|
| पूर्वाञ्चल | विराटनगर |
| मध्यमाञ्चल | काठमाडौं |
| पश्चिमाञ्चल | पोखरा |
| मध्य-पश्चिमाञ्चल | नेपालगञ्ज |
| सुदूर-पश्चिमाञ्चल | धनगढी |

## अन्मिनले नेपालमा के गर्दैछ ?

आफ्नो उद्देश्य पूरा गर्न र विस्तृत शान्ति सम्झौता सम्बद्ध दलहरूको अनुरोधका आधारमा अन्मिनको कार्यादेशले निम्न कार्यहरू समावेश गरेको छ :

- नेपाली सेना र माओवादी सेनाका हतियार र सशस्त्र जवानहरूको व्यवस्थापनको अनुगमन गर्ने
- एक संयुक्त अनुगमन समन्वय समितिमार्फत् दलहरूलाई नेपाली सेना र माओवादी सेनाका हतियार तथा सेना व्यवस्थापन अनुगमनको सम्झौताको कार्यान्वयन गर्न सहयोग पुऱ्याउने
- संविधानसभा चुनावको योजना र तयारी गर्न तथा स्वतन्त्र एवं निष्पक्ष वातावरणमा चुनाव गराउन निर्वाचन आयोगलाई प्राविधिक सहयोग पुऱ्याउने
- युद्धविराम व्यवस्था अनुगमन गर्न सहयोग पुऱ्याउने

यसका अलावा, राष्ट्रसंघका महासचिवद्वारा नियुक्त गरिएको र उहाँलाई प्रतिवेदन बुझाउने निर्वाचन अनुगमनकर्ताहरूको एक स्वतन्त्र टोलीले निर्वाचन पद्धतिका सबै प्राविधिक पक्षहरूको साथै चुनाव संचालनको समीक्षा गर्छ ।

## अन्मिनको अन्य राष्ट्रसंघीय नियोगहरूसँग कस्तो सम्बन्ध छ ?




नेपालमा रहेका धेरैजसो राष्ट्रसंघीय नियोगहरू विभिन्न प्रकारका विकास कार्यक्रमलाई सहयोग र कार्यान्वयन गर्न र आइपरेका मानवीय आवश्यकताहरूलाई सम्बोधन गर्न धेरै पहिले नै स्थापना भएका हुन् । सशस्त्र द्वन्द्व र लोकतान्त्रिक अधिकारहरूमा आइपरेको जोखिमको परिप्रेक्षमा मानवअधिकारको सुरक्षा गर्ने उद्देश्य लिएर बैशाख/जेठ २०६२ (मे २००५) मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएच्सीएच्आर) को स्थापना भएको थियो । विस्तृत शान्ति सम्झौता सम्बद्ध दलहरूले ओएच्सीएच्आरलाई शान्ति प्रक्रियामा मानवअधिकारको अवस्था अनुगमन गर्ने जिम्मेवारी लिन विशेष अनुरोध गरेका थिए र यस विषयमा अन्मिन ओएच्सीएच्आरसँग मिलेर काम गर्छ ।

महासचिवका विशेष प्रतिनिधि शान्ति प्रक्रियालाई राष्ट्रसंघीय प्रणालीले पुऱ्याएको समग्र सहयोगका संयोजक हुनुहुन्छ । सबै राष्ट्रसंघीय नियोगहरूले आफ्ना प्रयासहरूको संयोजन गर्दै नेपालको शान्ति प्रक्रियाको लागि राष्ट्रसंघको सहयोगको सक्दो वृद्धि गरेको कुरा सुनिश्चित गर्न अन्मिनले राष्ट्रसंघीय आवासीय र मानवीय समन्वयकर्तासँग मिलेर काम गर्छ ।

## क्षेत्र र जिल्लाहरूमा अन्मिनको भूमिका के हो ?




**हतियार अनुगमनकर्ताहरू** इलाम, सिन्धुली, चितवन, नवलपरासी, रोल्पा, सुर्खेत र कैलालीमा रहेका माओवादी सेनाका सातैवटा मुख्य शिविरस्थलहरू र छाउनीस्थित नेपाली सेनाको ब्यारेकमा चौबीसै घण्टा उपस्थित रहन्छन् । उनीहरू हतियार तथा सेना व्यवस्थापन अनुगमनको सम्झौता बमोजिम यी स्थलहरूमा भण्डारण गरिएका हतियारको अनुगमन गर्छन् । माओवादी सेनाका २१ सहायक शिविरस्थल र नेपाली सेनाका ब्यारेकहरूमा हतियार अनुगमनकर्ताहरूले नियमित रूपमा भ्रमण गर्छन् । यसका अलावा, एक-एक जना हतियार अनुगमनकर्ता, नेपाली सेनाका सदस्य र माओवादी सेनाका सदस्य रहेका दश संयुक्त अनुगमन टोलीहरूले जिल्लाहरूमा नियमित सम्पर्क, अनुगमन र अनुसन्धानका कार्य गर्छन् ।

**माइन एक्शन विशेषज्ञहरूले** घरेलु विष्फोटक उपकरणको सुरक्षित भण्डारण र त्यसलाई नष्ट गर्नेबारे माओवादी सेनालाई सल्लाह दिन्छन् र 'एन्टी-पर्सोनेल माइनफिल्ड' (शत्रुपक्षलाई हमला गर्न बिछ्याइएको बारूदी धराप) लाई माइन एक्शनको अन्तर्राष्ट्रिय मापदण्डअनुसार हटाउनेबारे नेपाली सेनालाई तालिम र सल्लाह दिन्छन् ।

**निर्वाचन सल्लाहकारहरूले** निर्वाचन आयोगलाई क्षेत्रीय र जिल्लास्तरमा सहयोग गर्छन् । संविधानसभा चुनावअगावै सबै जिल्लामा स-साना टोलीहरूले निर्वाचनको आखिरी तयारी गर्न र निर्वाचन गराउन सहयोग पुऱ्याउनेछन् । प्रहरी सल्लाहकारका टोलीहरूले नेपाल प्रहरीलाई निर्वाचन सुरक्षाको योजना र कार्यान्वयनबारे सल्लाह दिनेछन् ।

**नागरिक मामिला अधिकृतहरूले** स्थानीय सुशासन र सार्वजनिक सुरक्षाको पुनर्स्थापनाको अनुगमन गर्छन् र त्यसबारे जानकारी दिन्छन् । जिल्लास्तरमा शान्तिनिर्माणलाई अघि बढाउन उनीहरूले स्थानीयस्तरको संवादलाई प्रोत्साहन दिने काम पनि गर्छन् ।

## अन्मिन कहिलेसम्म नेपालमा रहनेछ ?

सुरक्षा परिषद्द्वारा स्थापित अन्मिनको १२ महिनाको कार्यावधि माघ २०६४ (जनवरी २००८) मा पूरा हुनेछ । यसलाई अन्त गर्ने वा लम्ब्याउने भन्ने कुरा नेपाल सरकारको अनुरोधमा भर पर्नेछ । राष्ट्रसंघले अन्य राष्ट्रसंघीय नियोगमार्फत् नेपाललाई दिने दीर्घकालीन सहयोग भने जारी राख्नेछ ।

*सार्वजनिक सूचना कार्यालयद्वारा प्रकाशित, नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन), पो.ब.नं. १५२११, काठमाडौं, नेपाल, info@unmin.org.np, www.unmin.org.np, फोन (०१) ५०१००३७, फ्याक्स (०१) ५०१००४०*